सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८३/०८/०९

गृह मन्त्रालयले तयार गरेको "अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी अपराध नियन्त्रण तथा नियमन गर्न बनेको विधेयक" को सम्बन्धमा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि प्रकाशन गर्ने व्यवस्था गरिएको हुँदा सो प्रयोजनका लागि उक्त विधेयकको मस्यौदा उपर कुनै राय/सुझाव भए यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र देहायको ढाँचामा पत्राचार वा legalsectionmoha@gmail.com मा इमेल गरी राय/सुझाव उपलब्ध गराइदिनुहुन नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०८३/०८/०७ को निर्णयानुसार सम्पूर्णमा यो सूचना जारी गरिएको छ।

देहाय

राय/सुझावको ढाँचा:

क.सं.	मस्यौदा विधेयकको दफा/उपदफा	मस्यौदा विधेयकको व्यवस्था	राय/सुझाव	पुष्टयाई

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी अपराध नियन्त्रण तथा नियमन गर्न बनेको विधेयक

प्रस्तावना : अनुचित लेनदेन (मिटरब्याज) लाई नियन्त्रण र नियमन गर्न, अनुचित लेनदेन सम्बन्धी विषयलाई कसूर कायम, पीडितको अधिकारको संरक्षण र क्षतिपूर्ति उपलब्ध गराई आर्थिक कारोबारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अनुचित लेनदेन (मिटरब्याज) (नियन्त्रण तथा नियमन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले भन्नाले दफा ३८ बमोजिम गठन भएको अनुगमन समिति सम्झनु पर्छ।

(ख) "अनुचित लेनदेन (मिटरब्याज)" भन्नाले दफा ४ बमोजिमको लेनदेन सम्झनु पर्छ।

(ग) "उच्चस्तरीय समन्वय समिति" भन्नाले दफा ३६ बमोजिम गठन भएको उच्चस्तरीय समन्वय समिति सम्झनु पर्छ।

(घ) "ऋणी" भन्नाले ऋण लिने व्यक्ति वा कानूनबमोजिम जिम्मेवार हुने व्यक्ति सम्झनु पर्छ।

(ङ) "जिल्लास्तरीय सहजीकरण समिति" भन्नाले दफा ४० बमोजिम गठन भएको जिल्लास्तरीय सहजीकरण समिति सम्झनु पर्छ।

(च) "न्यायाधिकरण" भन्नाले दफा २७ बमोजिम गठन भएको न्यायाधिकरण सम्झनु पर्छ।

(छ) "पीडित" भन्नाले अनुचित लेनदेनका कारण आर्थिक, शारीरिक, मानसिक वा सम्पत्तिसम्बन्धी क्षति बेहोरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ।

(झ) "लिखत" भन्नाले तमसुक, कपाली तमसुक, भरपाई, चेक, कबुलियतनामा, धितोसम्बन्धी कागजात, राजीनामा, दृष्टिबन्धक, बैनाबट्टा वा लेनदेन प्रमाणित गर्न प्रयोग गरिने अन्य कागजात सम्झनु पर्छ।

(ञ) "सम्बन्धित निकाय" भन्नाले यस ऐनबमोजिम अधिकारप्राप्त न्यायाधिकरण, उच्चस्तरीय समन्वय समिति, जिल्लास्तरीय सहजीकरण समिति, अनुगमन समिति, नेपाल प्रहरी, सरकारी वकिलको कार्यालय, स्थानीय तह, मालपोत कार्यालय, नापी कार्यालय, बैङ्क तथा वित्तीय संस्था, सम्पत्ति शुद्धीकरण अनुसन्धान गर्ने निकाय तथा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त अन्य निकाय सम्झनु पर्छ।

(ट) "साहू" भन्नाले ऋण वा रकम उपलब्ध गराउने व्यक्ति, संस्था वा कानूनबमोजिम जिम्मेवार ठहरिने व्यक्ति सम्झनु पर्छ।

परिच्छेद-२

<u>अनुचित लेनदेन (मिटरब्याज) गर्न नहुने</u>

३. <u>**अनुचित लेनदेन (मिटरब्याज) कारोबार गर्न नहुने**</u> : कसैले अनुचित लेनदेन (मिटरब्याज) कारोबार गर्न वा गराउन हुँदैन।

४. <u>**अनुचित लेनदेन (मिटरब्याज) कारोबार गरेको मानिने**</u> : कसैले देहायका कुनै कार्य गरेमा अनुचित लेनदेन (मिटरब्याज) गरेको मानिनेछः-

(क) लेनदेन नभएको वा नगरेको रकम दिएको भनी वा लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत गर्ने वा गराउने,

(ख) लेनदेन गर्दाकै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत गर्ने वा ब्याजलाई सावाँमा जोडी नयाँ लिखत गर्ने,

(ग) प्रचलित कानूनमा तोकिएको ब्याजदरभन्दा बढी ब्याजदरमा ऋण लगानी र असुल गर्ने वा ऋणको सावाँभन्दा बढी ब्याज लिने,

(घ) लेनदेन भएको भन्दा अगाडि वा पछाडिको मिति राखी लिखत तयार गर्ने वा खाली कागजमा ल्याप्चे सही छाप गराई आफू अनुकुलको लिखत कागज गर्ने वा ऋणीलाई लिखतको प्रति नदिने,

(ङ) ऋण लेनदेनको कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाउने,

(च) ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने, लिखत नबनाउने वा भुक्तानीको प्रमाण लुकाउने,

(छ) भ्रष्टाचार, अपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालना गर्ने वा गराउने,

(ज) ऋण असुलीका लागि कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्ने,

(झ) अनुचित लेनदेनको आधारमा ऋणीको चल तथा अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिने,

(ञ) एकै कारोबारको क्रममा समेत घरजग्गा पास, तमसुक, करार सम्झौता, चेक लगायतका धितो वापत एकभन्दा बढी लिखत खडा गर्ने।

५. <u>लिखतमा खुलाउनुपर्ने विवरण</u> : (१) लेनदेनको कारोबार गर्दा लिखतमा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) ऋण दिने र लिने व्यक्तिको पूरा नाम, थर, उमेर, ठेगाना र पहिचान खुल्ने विवरण,

तर विवाहित व्यक्ति भए पति वा पत्नीको नाम समेत उल्लेख गर्नु पर्नेछ।

(ख) लेनदेन गरिएको सावाँ रकम,

(ग) लेनदेन भएको मिति र माध्यम,

(ग) ब्याजदर तथा ब्याज गणना गर्ने आधार,

(घ) सावाँ तथा ब्याज भुक्तानी गर्ने अवधि र तरिका,

(ङ) धितोको विवरण,

(च) लेनदेन रकम निर्धारित समयमा नबुझाए वा लिखत बमोजिमको शर्त पूरा नगरेमा साहूले ऋणीको धितोबाट लेनदेन बमोजिमको रकम असुल गरी लिन पाउने विषय,

(छ) ऋण दिने र लिने दुवै व्यक्तिका तर्फबाट एक एकजना साक्षीको नाम, थर र ठेगाना,

(ज) लिखत तयार गरिएको मिति र स्थान,

(झ) कारोबारसँग सम्बन्धित अन्य आवश्यक सर्त।

(२) लिखत तयार गर्दा दुवै पक्षलाई लिखत पढेर वा बुझेर स्वेच्छाले सहमति जनाउने अवसर दिनु पर्नेछ।

(३) लिखतको एक एकप्रति ऋण लिने र दिने दुवै पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(४) लिखत प्रमाणीकरण गर्ने निकायले प्रचलित कानुनबमोजिम कारोबारको वास्तविकता तथा आवश्यक प्रमाणको जाँच गर्नु पर्नेछ।

परिच्छेद-३

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी कसूर र सजाय

६. **झुट्टा लिखत सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले लेनदेन नभएको वा नगरेको रकम दिएको भनी वा दिएको वास्तविक रकमभन्दा वढी रकमको झुट्टा लिखत तयार गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कसैले उपदफा (१) बमोजिमको कसूर गरी सम्पत्ति जफत गरेको भए निजलाई उपदफा (२) बमोजिमको सजायको अतिरिक्त बिगो बमोजिमको थप रकम जरिवाना समेत हुनेछ।

७. **<u>बढी ब्याजदर असुल गर्ने सम्बन्धी कसूर गर्नेलाई सजाय</u>** : (१) कसैले प्रचलित कानूनमा तोकिएको ब्याजदरभन्दा बढी ब्याजदरमा ऋण लगानी वा असुल गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कसैले उपदफा (१) बमोजिमको कसूर गरेको रहेछ भने निजले असुल गरेको ब्याजको रकम गरेको रकम फिर्ता गर्नु पर्नेछ।

८. **<u>ब्याज रकम सावाँमा जोडी लिखत गर्ने सम्बन्धी कसूर गर्नेलाई सजाय</u>** : (१) कसैले लेनदेन गर्दा कै बखत ब्याज रकम समेत सावाँमा जोडी लिखत गर्ने वा ब्याजलाई सावाँमा जोडी नयाँ लिखत गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) कसैले उपदफा (१) बमोजिमको कसूर गरेको रहेछ भने निजले असुर गरेको रकम फिर्ता गर्नु पर्नेछ।

९. **<u>खाली कागजमा ल्याप्चे वा सही छाप गराउने गर्ने सम्बन्धी कसूर गर्नेलाई सजाय</u>** : (१) कसैले लेनदेन भएको भन्दा अगाडि वा पछाडिको मिति राखी लिखत तयार गर्ने वा खाली कागजमा ल्याप्चे सही छाप गराई आफू अनुकुलको लिखत कागज गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

१०. **खाली चेक सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले लेनदेन कारोबारमा नलेखिएको (खाली) वा लिएको रकमभन्दा बढी रकम उल्लेख गरी बाध्यकारी चेक काट्न लगाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना व दुवै सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिम बाध्यकारी चेक काट्न लगाइएको प्रमाणित भएमा त्यस्तो व्यक्तिले चेक अनादर सम्बन्धी अन्य निकायमा मुद्दा दायर गर्न पाउने छैन।

११. **लिखतको प्रति वा भरपाई नदिने सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले लेनदेन कारोबारको लिखतको प्रति ऋणीलाई नदिने, ऋणीले तिरे बुझाएको रकमको भरपाई नदिने, लिखत नबनाउने वा भुक्तानीको प्रमाण लुकाउने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

१२. **भ्रष्टाचार, अपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालन सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले भ्रष्टाचार, अपराधिक लाभ लगायतबाट आर्जित रकम क्यासिनो, ढुकुटी र ठेक्कापट्टा लगायतमा परिचालना गर्ने वा गराउने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१३. **धम्की दिने वा हिंसा वा शोषण गर्ने सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले ऋण असुलीका क्रममा कुनै प्रकारको शारीरिक वा मानसिक हानि हुने गरी धम्की दिने वा हिंसा वा शोषण गर्नु वा गराउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि सात वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि सत्तरी हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

१४. **चल तथा अचल सम्पत्तिको हक हस्तान्तरण सम्बन्धी कसूर गर्नेलाई सजाय** : (१) कसैले अनुचित लेनदेनको आधारमा ऋणीको चल तथा अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि सात वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि सत्तरी हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गरी असूर गरेको चल अचल सम्पत्ति पिडितलाई फिर्ता गर्नु पर्नेछ।

१५. **धितो वापत एकभन्दा वढी लिखत खडा गर्ने सम्बन्धी कसूर** : (१) कसैले एकै कारोबारको क्रममा घरजग्गा पास, तमसुक, करार सम्झौता, चेक लगायतका धितो वापत एकभन्दा बढी लिखत खडा गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनदेखि सात वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि सत्तरी हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको खडा गरिएको एक भन्दा बढी लिखत स्वतः बदर हुनेछ।

१६. **हदम्याद** : अनुचित लेनदेन (मिटरब्याज) बाट मर्का परेको व्यक्तिले थाहा पाएको छ महिनाभित्र सम्बन्धित निकायमा उजुरी दिनु पर्नेछ।

तर अपाङ्ग, असक्षम र जेष्ठ नागरिकको हकमा उजुरीको हदम्याद थप छ महिना बढाउन सकिनेछ।

परिच्छेद-४

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी तथा लिखतको छानबिन

१७. **उजुरी दिन सक्ने** : (१) अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित व्यक्तिले सम्बन्धित निकायमा उजुरी दिन सक्नेछ।

(२) पीडितले आफैं उजुरी दिन नसक्ने अवस्था भएमा कानुनबमोजिम निजको प्रतिनिधि वा हकवालाले उजुरी दिन सक्नेछ।

(३) उजुरी दिन आवश्यक लिखत पीडकले आफ्नो नियन्त्रणमा राखेको, लुकाएको वा नष्ट गरेको कारण पीडितसँग प्रमाण नभएमा सोही कारणले मात्र उजुरी अस्वीकार गरिने छैन।

(४) उजुरी मौखिक रूपमा प्राप्त भएमा सम्बन्धित निकायले लिखित रूपमा अभिलेख राखी उजुरीकर्तालाई त्यसको निस्सा दिनुपर्नेछ।

१८. <u>छानबिन तथा प्रमाण सङ्कलन</u> : (१) उजुरी प्राप्त भएपछि अधिकारप्राप्त निकायले आवश्यकताअनुसार देहायका प्रमाण सङ्कलन गर्न सक्नेछः-

(क) तमसुक, दृष्टिबन्धक, राजीनामा, चेक तथा अन्य लिखत,

(ख) बैङ्क विवरण, विद्युतीय कारोबारको अभिलेख र रकम हस्तान्तरणको प्रमाण,

(ग) मालपोत तथा जग्गा दर्तासम्बन्धी अभिलेख,

(घ) साक्षीको बयान तथा स्थलगत मुचुल्का,

(ङ) लिखतको हस्ताक्षर, औँठाछाप, मसी, कागज तथा अन्य प्राविधिक परीक्षण,

(च) रकमको स्रोत तथा सम्बन्धित सम्पत्तिको खरिद वा हस्तान्तरणसम्बन्धी विवरण।

(२) अनुसन्धानका क्रममा आवश्यक देखिएमा अधिकारप्राप्त निकायले प्रचलित कानुनबमोजिम बैङ्क, वित्तीय संस्था, सरकारी कार्यालय वा अन्य सम्बन्धित संस्थाबाट अभिलेख माग गर्न सक्नेछ।

(३) अनुसन्धानको क्रममा कुनै पक्षको दाबीलाई मात्र अन्तिम प्रमाण मानी निर्णय गर्न पाइने छैन। उपलब्ध प्रमाण, कारोबारको प्रकृति तथा दुवै पक्षलाई सुनुवाइको अवसर दिई निष्पक्ष छानबिन गर्नुपर्नेछ।

१९. **जालसाजीपूर्ण वा झुठ्ठा लिखत बदर** : (१) जालसाजीपूर्ण वा झुठ्ठा लिखतका आधारमा उजुरी गरेमा पीडितले त्यस्तो लिखत बदर गर्न सम्बन्धित निकाय वा न्यायाधिकरणमा निवेदन दिन सक्नेछ।

(२) लिखत जालसाजीपूर्ण वा झुठ्ठा भएको प्रारम्भिक आधार देखिएमा अधिकारप्राप्त निकायले सम्बन्धित सम्पत्ति थप हस्तान्तरण हुन नदिन प्रचलित कानुनबमोजिम अन्तरिम रोक्का वा अन्य संरक्षणात्मक आदेशका लागि न्यायाधिकरणसमक्ष अनुरोध गर्न सक्नेछ।

(३) लिखतको वैधता, स्वामित्व हस्तान्तरण तथा बदरको अन्तिम निर्णय गर्ने अधिकार न्यायाधिकरणलाई हुनेछ।

(४) यस दफाबमोजिम कुनै लिखत बदर भएको अवस्थामा सोही लिखतका आधारमा भएको दर्ता, हक हस्तान्तरण वा अन्य कानुनी परिणामसमेत सम्बन्धित निर्णयबमोजिम सच्याउन वा बदर गर्न सकिनेछ।

२०. **पीडितको सम्पत्ति फिर्ता** : (१) अनुचित लेनदेन (मिटरब्याज) का कारण पीडितको चल वा अचल सम्पत्ति गैरकानुनी रूपमा हस्तान्तरण भएको प्रमाणित भएमा न्यायाधिकरणले त्यस्तो सम्पत्ति पीडितलाई फिर्ता गराउन आदेश दिन सक्नेछ।

(२) सम्पत्ति यथावत् फिर्ता गर्न सम्भव नभएमा प्रचलित कानुनबमोजिम त्यसको मूल्य वा अन्य उपयुक्त क्षतिपूर्ति भराउन सकिनेछ।

(३) यस दफाबमोजिम सम्पत्ति फिर्ता गराउँदा वास्तविक रूपमा प्राप्त ऋणको सावाँ र कानुनबमोजिम ब्याजको यकिन गरी न्यायोचित हिसाब मिलान गर्नुपर्नेछ।

२१. **वास्तविक ऋण तथा ब्याजको हिसाब मिलान** : (१) सम्बन्धित निकाय वा न्यायाधिकरणले वास्तविक रूपमा दिएको ऋण, प्राप्त भुक्तानी, कानुनबमोजिमको ब्याज र अनुचित रूपमा असुल गरिएको रकमको छुट्टाछुट्टै हिसाब तयार गर्न सक्नेछ।

(२) ऋणीले तिरेको रकमको प्रमाण साहूले नदिएको अवस्थामा बैङ्क विवरण, साक्षी, विद्युतीय अभिलेख, पक्षहरूको स्वीकारोक्ति तथा अन्य विश्वसनीय प्रमाणका आधारमा भुक्तानीको यकिन गर्न सकिनेछ।

(३) वास्तविक ऋणको सावाँ र कानुनबमोजिम लाग्ने ब्याजभन्दा बढी असुल गरिएको रकम पीडितलाई फिर्ता गराउन आदेश दिन सकिनेछ।

(४) एउटै कारोबारमा एउटै रकम दोहोरो असुल गर्न पाइने छैन।

२२. **पीडितलाई क्षतिपूर्ति** : (१) अनुचित लेनदेन (मिटरब्याज) बाट पीडित व्यक्तिलाई कसूरको परिणामअनुसार पीडकबाट उचित क्षतिपूर्ति भराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारणका आधार देहाय बमोजिम हुनेछन्:-

(क) गैरकानुनी रूपमा असुल गरिएको रकम,

(ख) हडपिएको वा गुमाइएको सम्पत्तिको मूल्य,

(ग) पीडितलाई भएको शारीरिक तथा मानसिक क्षति,

(घ) पीडितको उमेर र शारीरिक तथा पारिवारिक स्थिति,

(घ) उपचार, कानुनी सहायता र पुनर्स्थापनामा लागेको खर्च,

(ङ) कसूरका कारण भएको आर्थिक क्षति।

(३) उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउदा कसूरदारको दायित्व, उपलब्ध प्रमाण तथा प्रचलित कानुनको अधीनमा रही निर्णय गर्नु पर्नेछ।

२३. **पीडितको संरक्षण** : (१) पीडित वा साक्षीलाई धम्की, दबाब वा प्रतिशोधबाट सुरक्षा तथा संरक्षण प्रदान गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षा तथा संरक्षण प्रदान गर्दा सम्बन्धित निकायले आवश्यक संरक्षणात्मक उपाय अपनाउन सक्नेछ।

(३) सम्बन्धित निकायले पीडितको व्यक्तिगत विवरण, ठेगाना तथा अन्य संवेदनशील जानकारी प्रचलित कानुनबमोजिम गोप्य राख्न सक्नेछ।

२४. **निःशुल्क कानुनी सहायता** : (१) आर्थिक रूपमा विपन्न वा अन्य कारणले कानुनी सहायता प्राप्त गर्न नसक्ने पीडितलाई प्रचलित कानूनबमोजिम निःशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ।

(२) सम्बन्धित निकायले पीडितलाई उजुरी र उजुरी उपरको कारबाहीको प्रक्रिया, उपलब्ध कानुनी उपचार तथा आवश्यक सहयोगका सम्बन्धमा जानकारी दिनु पर्नेछ।

२५. **मेलमिलाप गर्न सक्ने** : (१) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विवादमा जिल्लास्तरीय सहजीकरण समिति वा अन्य सम्बन्धित निकायले पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ।

(२) मेलमिलापका क्रममा ऋणीलाई वास्तविक सावाँ स्वीकार गर्न बाध्य पार्ने, गैरकानुनी ब्याज असुल गर्न लगाउने वा सम्पत्ति हस्तान्तरण गर्न दबाब दिने जस्ता कार्य गर्न पाइने छैन।

(३) गम्भीर प्रकृतिको फौजदारी कसूरमा मेलमिलाप भएको कारणले मात्र कानूनबमोजिमको अनुसन्धान स्वतः अन्त्य हुने छैन।

(४) मेलमिलापबाट भएको सहमति लिखित रूपमा अभिलेख गरिनेछ र त्यसको कानुनी प्रभाव प्रचलित कानूनबमोजिम हुनेछ।

२६. **अभिलेख व्यवस्थापन** : (१) सम्बन्धित निकायले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी, छानबिन, मेलमिलाप तथा निर्णयको अभिलेख राख्नु पर्नेछ।

(२) सम्बन्धित निकायले उपदफा (१) बमोजिमको अभिलेखको अर्धवार्षिक प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राप्त विवरणको व्यक्तिगत गोपनीयता कायम राखी मन्त्रालयले आवश्यकताअनुसार प्रकाशन गर्न सक्नेछ।

परिच्छेद-५

न्यायाधिकरणसम्बन्धी व्यवस्था

२७. **न्यायाधिकरणको गठन** : (१) नेपाल सरकारले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी परिच्छेद-२ मा उल्लिखित कसूर उपरको विषयमा न्याय निरूपण गर्न देहाय बमोजिम मिटरब्याजसम्बन्धी न्यायाधिकरण गठन गर्नेछः-

(क) नेपाल सरकारले तोकेको सम्बन्धित जिल्लाको

जिल्ला न्यायाधीश - अध्यक्ष

(ख) नेपाल सरकारले तोकेको नेपाल न्याय सेवाको

राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत - सदस्य

(ग) नेपाल सरकारले तोकेको नेपाल सरकारको

राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत - सदस्य

(२) नेपाल सरकारले उपदफा (१) बमोजिमको अध्यक्ष वा सदस्य तोकेको सूचनमा नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले जिल्ला न्यायाधीशलाई न्यायाधिकरणको अध्यक्ष तोक्नु अघि न्याय परिषद्को र नेपाल न्याय सेवाको अधिकृतलाई न्यायाधिकरणको सदस्य तोक्नु अघि न्याय सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम न्यायधिकरणको कार्यालय प्रत्येक जिल्ला अदालतमा रहनेछ र न्यायाधिकरण सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) न्यायाधिकरणको गठन नभएसम्म सम्बन्धित अदालत वा निकायको प्रचलित अधिकारक्षेत्रमा असर पर्ने छैन।

२८. **न्यायाधिकरणको अधिकारक्षेत्र** : न्यायाधिकरणको अधिकारक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) अनुचित लेनदेनसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने,

(ख) जिल्लास्तरीय सहजीकरण समितिको निर्णय उपर पुनरावेदन सुन्ने,

(ग) झुट्टा तथा जालसाजीपूर्ण लिखतको वैधता परीक्षण गर्ने,

(घ) अनुचित लेनदेन (मिटरब्याज) बाट हस्तान्तरण भएको सम्पत्ति फिर्ता गर्ने,

(ङ) पीडितको संरक्षणका लागि अन्तरिम संरक्षणात्मक आदेश जारी गर्ने,

(च) वास्तविक सावाँ, कानुनबमोजिमको ब्याज र अनुचित रूपमा असुल गरिएको रकमको हिसाब मिलान गर्ने,

(छ) क्षतिपूर्ति रकम निर्धारण गर्ने।

२९. <u>न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोगः</u> (१) न्यायाधिकरणको अधिकार क्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिक रुपले गर्नेछन् र बहुमतको राय न्यायाधिकरणको निर्णय मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई जना सदस्यको उपस्थिति भएमा मुद्दाको कारबाही र किनारा गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम दुईजना सदस्यको उपस्थितिमा मुद्दाको कारबाही वा किनारा गर्दा दुईजनाको एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको रायबमोजिम बमोजिम र अध्यक्ष बाहेकको इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ। मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिले अनुपस्थित रहेको सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय न्यायाधिकरणको राय मानिनेछ।

(४) उपदफा (३) बमोजिम पहिला अनुपस्थित रहेको सदस्य समक्ष पेश गर्दा पनि फरक फरक राय हुन गएमा अध्यक्षको राय नै न्यायाधिकरणको निर्णय हुनेछ।

३०. <u>मिसिल वा कागजात उपलब्ध गराउनु पर्ने</u> : (१) न्यायाधिकरणले मुद्दाको कारबाहीको सिलसिलामा प्रमाणको लागि कुनै मिसिल, लिखत, कागजात वा अन्य कुनै सबुद पेश गर्न वा पठाउन कुनै व्यक्ति, संस्था, कार्यालय वा जिल्लास्तरीय सहजीकरण समितिलाई आदेश दिएमा त्यस्तो व्यक्ति, संस्था, कार्यालय वा जिल्लास्तरीय सहजीकरण समितिले त्यस्तो मिसिल, लिखत, कागजात वा प्रमाण न्यायधिरणले निर्धारण गरेको अवधिभित्र पेश गर्नु वा पठाउनु पर्नेछ।

(२) कुनै व्यक्ति, संस्था, कार्यालय वा जिल्ला सहजीकरण समितिले उपदफा (१) बमोजिमको आदेश पालना नगरेको कारणबाट मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्न बाधा पुगेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा हानि, नोक्सानी भएमा न्यायाधिकरणले त्यस्तो व्यक्ति, संस्था, कार्यालय वा जिल्लास्तरीय सहजीकरण समितिलाई पटकै पिच्छे एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जरिबाना गर्ने आदेश भएपछि त्यस्तो व्यक्ति, संस्था, कार्यालय वा जिल्लास्तरीय सहजीकरण समितिले

न्यायाधिकरणले निर्धारण गरेको अवधिभित्र त्यस्तो आदेश पालना हुन नसकेको मनासिव कारण उल्लेख गरी जरिबाना हुन नपर्ने भनी न्यायाधिकरण समक्ष निवेदन गरेमा न्यायाधिकरणले त्यस्तो जरिबानाको आदेश रद्द गर्न सक्नेछ।

३१. **नेपाल सरकार वादी हुने** : (१) यस ऐन अन्तर्गत सजाय हुने मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३२. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

३३. **पुनरावेदन** : यस ऐन बमोजिम न्यायाधिकरणले गरेको निर्णय उपर तीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

३४. **निर्णय कार्यान्वयन** : यस ऐन बमोजिम न्यायाधिकरणले गरेको निर्णय वा अन्तिम आदेशको कार्यान्वयन कुनै निकाय वा अधिकारीले कार्यान्वयन गर्ने भनी निर्णय वा आदेशमा उल्लेख भएकोमा सोही निकाय वा अधिकारीले र त्यसरी उल्लेख नभएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ।

३५. **न्यायाधिकरणको विघटन** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यायाधिकरणलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम न्यायाधिकरण विघटन भएमा विघटन हुँदाका बखतसम्म त्यस्तो न्यायाधिकरणमा दायर भई किनारा हुन बाँकी रहेका मुद्दा, उजुरी वा निवेदन सम्बन्धित क्षेत्राधिकार भएको जिल्ला अदालतमा स्वतः सर्नेछन्।

परिच्छेद-६

उच्चस्तरीय समन्वय समिति, अनुगमन समिति र जिल्ला सहजीकरण समिति सम्बन्धी व्यवस्था

३६. **उच्चस्तरीय समन्वय समिति** : (१) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्याको समाधान गर्न एक उच्चस्तरीय समन्वय समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय - संयोजक

(ख) सहसचिव, गृह मन्त्रालय - सदस्य

(ग) मिटरब्याज विरूद्ध किसान मजदुर आन्दोलनको एक जना प्रतिनिधि - सदस्य

(३) उपदफा (१) बमोजिमको समितिको बैठक हरेक महिनामा कम्तीमा एक पटक बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३७. <u>उच्चस्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> : उच्चस्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधान गर्न नीति निर्माण गर्ने,

(ख) जिल्लास्तरीय अनुगमन तथा समीक्षा समितिको प्रतिवेदन विश्लेषण गरी आवश्यक नीति निर्माण र सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) जिल्लास्तरीय सहजीकरण समितिलाई आवश्यक निर्देशन दिने,

(घ) जिल्लास्तरीय सहजीकरण समितिबाट समाधान हुन नसकेका नीतिगत तथा अन्तरनिकाय समन्वय विषयमा समन्वयन गरी बाधाअड्चन फुकाउने,

(ङ) मिटरब्याजसँग सम्बन्धित मुद्दामा नियमित अदालतबाट फैसला भइसकेको वा अदालतमा विचाराधिन रहेका मुद्दाको हकमा पुनरावलोकन समेतको लागि कानूनी अड्चन फुकाउने,

(च) मिटरब्याजसम्बन्धी कसूरमा पीडितलाई कानूनी सहायता प्रदान गर्न र पुनः स्थापना गर्न ठोस कार्यक्रम सञ्चालन गर्ने।

३८. **अनुगमन समिति** : (१) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्याको समाधान गर्न प्रत्येक जिल्लामा अनुगमन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) कार्यालय प्रमुख, सम्बन्धित भूमि प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनको तर्फबाट एकजना प्रतिनिधि - सदस्य

(ङ) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको समितिको बैठक हरेक महिनामा कम्तीमा एक पटक बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३९. **अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लास्तरीय सहजीकरण समितिका कार्यलाई अनुगमन गर्ने,

(ख) प्रत्येक महिनामा जिल्लास्तरीय सहजीकरण समितिका कार्य सम्पादनको प्रतिवेदन गृह मन्त्रालय र उच्चस्तरीय समवन्वय समितिमा पेस गर्ने,

(ग) जिल्लास्तरीय सहजीकरण समितिलाई आवश्यक निर्देशन दिने,

(घ) न्यायाधिकरण र उच्चस्तरीय समन्वय समितिको निर्देशन पालन गर्ने।

४०. **जिल्लास्तरीय सहजीकरण समिति** : (१) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्याको समाधान गर्न प्रत्येक जिल्लामा जिल्लास्तरीय सहजीकरण समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सहायक प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) अधिकृत, सम्बन्धित भूमि प्रशासन कार्यालय - सदस्य

(ग) प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक,

जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) मिटरब्याज विरुद्ध किसान मजदुर आन्दोलनको

तर्फबाट तीनजना प्रतिनिधि - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारीले तोकेको प्रशासकीय अधिकृत - सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको समितिको बैठक हरेक हप्ता कम्तीमा एक पटक बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४१. **<u>जिल्लास्तरीय सहजीकरण समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्लास्तरीय सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विवादको उजुरी दर्ता गर्ने,

(ख) उजुरी छानबिन गर्न प्रारम्भिक तथ्य सङ्कलन गर्ने,

(ग) वास्तविक कारोवार, रकम हस्तान्तरण, भुक्तानी, ब्याज, धितो, चेक, तमसुक र सम्पत्ति हस्तान्तरण जस्ता विवादसँग सम्बन्धित तथ्य सङ्कलन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

(घ) व्यवसायिक मिटरब्याजीलाई पहिचान गरी न्यायाधिकरणमा मुद्दा दर्ताका लागि प्रक्रिया अगाडि बढाउने,

(ङ) सम्पत्तिको स्रोत सम्बन्धी अनुसन्धान आवश्यक भएमा सम्पत्ति शुद्धिकरण अनुसन्धानको प्रक्रिया अघि बढाउने,

(घ) सामान्य रकमको विवादमा दुवै पक्षलाई छलफलमा बोलाई मेलमिलाप गराउन सक्ने,

(ङ) पीडितलाई कानुनी परामर्श दिने,

(च) गम्भीर प्रकृतिको विवादलाई न्यायाधिकरणमा पठाउने,

(छ) न्यायाधिकरण र उच्चस्तरीय समन्वय समितिको निर्देशन पालन गर्ने।

परिच्छेद-८

विविध

४२. **समन्वय तथा कार्यान्वयन** : (१) नेपाल सरकारले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल प्रहरी, स्थानीय तह तथा अन्य सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्न सक्नेछ।

(२) पीडितको उजुरी दर्ता, प्रमाण सङ्कलन, कानुनी सहायता तथा विवाद समाधानका लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सकिनेछ।

(३) पीडितको पहिचान, व्यक्तिगत विवरण र सुरक्षासम्बन्धी संवेदनशील सूचनाको संरक्षण प्रचलित कानूनबमोजिम गरिनेछ।

४३. **राहत तथा पुनर्स्थापना कार्यक्रम** : नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी पीडितको आर्थिक पुनर्स्थापना, सीप विकास, रोजगारी, वित्तीय साक्षरता तथा सहुलियतपूर्ण संस्थागत कर्जामा पहुँच विस्तार गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४४. **ऐन कार्यान्वयन मापन** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयन मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

४५. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक नियम बनाउन सक्नेछ।

४६. **<u>निर्देशिका र कार्यविधि बनाउन सक्ने</u>** : यस ऐनको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।